धनकुटा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, धनकुटा

**सेवा करारमा कर्मचारी पदपूर्ति सम्बन्धी सूचनाको म्याद थप गरिएको ।**

मितिः २०८२/६/२९ गते

यस कार्यालयको मिति २०८२/६/८ गते प्रकाशित विज्ञापन नं. ०१-२०८२/०८३ को सूचना बमोजिम मनोसामाजिक परामर्शकर्ता (सहायक स्तर पाँचौं तह) पदका लागि विज्ञापन गरिएकोमा आवश्यक न्यूनतम शैक्षिक योग्यता र सीप बमोजिम पर्याप्त आवेदन पर्न नआएको हुँदा उमेरहद संशोधन गरी १८ वर्ष पूरा भई ५५ वर्ष ननाघेका ईच्छुक उम्मेदवारहरुबाट तपशील अनुसार पुनः आवेदन माग गरिएको छ । उक्त पदका लागि पहिला आवेदन दर्ता गराउनु भएका उम्मेदवारहरुले पुनः आवेदन दिनु नपर्ने ।

तपशील

| विज्ञापन न. | पद | तह/श्रेणी | संख्या | परीक्षाको किसिम | परीक्षा दस्तुर |
|---|---|---|---|---|---|
| ०१-२०८२/०८३ | मनोसामाजिक परामर्शकर्ता | सहायक/पाँचौ | १ (एक) | लिखित र अन्तर्वार्ता | रु।८००. |

**१. आवश्यक न्यूनतम शैक्षिक योग्यता र सीप**

मान्यता प्राप्त शैक्षिक संस्थाबाट न्यूनतम प्रमाण पत्र उत्तीर्ण गरेको, मनोविमर्श परामर्श तथा मनोसामाजिक क्षेत्रमा तालिम तथा सुपरिवेक्षण गर्ने दक्षता राखेको संस्थाबाट ६ महिना तालिम लिएको, ३ वर्ष मनोसामाजिक क्षेत्रमा समुदायमा काम गरेको अनुभव भएको, सम्वेदनशीलता र गोपनीयताको उच्च समझदारी पालना गर्ने सीप भएको, सहानुभूतिपूर्ण व्यवहार र सुन्ने सीप भएको र कम्प्यूटर सम्वन्धी आधारभूत ज्ञान भएको ।

**२. उमेरको हद :** दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पूरा भई ५५ बर्ष ननाघेको हुनुपर्ने ।

**३. परीक्षा मितिः** पछि प्रकाशन गरिनेछ ।

**४. तलब तथा अन्य सुविधा :** स्थानीय सेवाको सहायक स्तर पाँचौ तहको शुरु स्केल वा सो सरह ।

**५. कार्यअवधि :** हाललाई २०८३ असार मसान्तसम्म, आवश्यकता तथा कार्य सम्पादन अनुसार नविकरण हुन सक्ने ।

**६. कार्यशर्त र दरखास्त फारमः** कार्यशर्त र दरखास्त फारम धनकुटा नगरपालिकाको वेबसाईट www.dhankutamun.gov.np/igbvrn मा राखिएको छ ।

**७. आवश्यक कागजातहरु :** माथि उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, अनुभवको प्रमाणपत्रको प्रतिलिपि, व्यक्तिगत विवरण (Bio Data) तथा शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि र पासपोर्ट साईजको दुई प्रति फोटोको साथमा तोकिएको ढाँचामा आवेदन सहित धनकुटा नगर कार्यपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ । तोकिएको समयभन्दा पछि आएका आवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन ।

**८. थप गरिएको म्यादको अवधिः** सूचना प्रकाशित मितिले ७ कार्यदिन (२०८२/७/१२ गते)

**९. छनौट प्रक्रियाः** संक्षिप्त सूची (Short List) मा परेका उम्मेद्वारहरुलाई मात्र छनौट प्रक्रियाका परीक्षाहरुमा समावेश गरिने छ ।

**पुनश्चः** *महिला उम्मेद्वारहरुलाई आवेदन दिन प्रोत्साहित गरिन्छ ।*

..............................

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत